**प्रदेश संकट व्यवस्थापन केन्द्र,**

**सुदूरपश्चिम प्रदेश**

## कोरोना भाइरस (COVID-19) रोग नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कार्ययोजना, २०७७

**परिचय :**

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमण नियन्त्रण तथा न्यूनीकरण गर्न नेपाल सरकारले लिईरहेको पहलकदमीलाई थप प्रभावकारी बनाउदै सुदूरपश्चिम प्रदेश सरकारको तर्फबाट गरिएका तथा स्थानीय तहहरुबाट गरिएका कार्यहरूमा समेत एकरुपता गरी थप प्रभावकारी तथा परिणाममुखी बनाउन, यो कार्ययोजना उपयोगी हुनेछ । यो कार्ययोजना मिति २०७७/०१/१५ गते देखि लागु भई लकडाउनको समयावधीमा आवश्यक मार्गदर्शन गर्ने छ ।

**(क) लकडाउन खुकुलो नभएको अवस्थामा**: नेपाल सरकारले देशव्यापी लकडाउनलाई लम्ब्याउने घोषणा गरेको खण्डमा निम्न अनुसार गर्ने:

| सि. नं. | सिफारिस गरिएको क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | श्रोत साधन | कैफियत |
|---|---|---|---|---|---|
| १. | नेपाल सरकारले घोषणा गरेको देशव्यापी लकडाउनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सुरक्षा निकायहरुलाई अझ बढी प्रभावकारी रुपमा परिचालन गर्ने । सुरक्षाकर्मीहरुबाट सीमामा क्षेत्रमा नियमित गस्ती, पेट्रोलिङ्ग, निगरानी गर्ने व्यवस्था मिलाउने तथा सिमा क्षेत्रमा खटिएका सुरक्षाकर्मीहरुलाई साइकल तथा मोटरसाइकलको समेत व्यवस्था गरी मोबाइल गस्ती गर्न लगाउने । | जिल्ला प्रशासन कार्यालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्थानीय तह, सुरक्षा निकायहरू र जिल्ला स्वास्थ्य कार्यालय | नेपाल सरकार र प्रदेश सरकार | |
| २. | सीमानाकाबाट भित्रिने अत्यावश्यक गाडी तथा चालकहरुको विवरण संकलन गरी अनिवार्य रुपमा सेनिटाइज गर्ने । साथै अर्को प्रदेशबाट भित्रिने सवारी साधनलाई समेत Disinfect गरी प्रवेश गराउने । | सम्बन्धित स्थानीय तह र भन्सार कार्यालय | सामाजिक विकाश मन्त्रालय | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह | |

प्रमुख सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | प्रदेश संकट व्यवस्थापन केन्द्र (**PCMC**) को निर्णयानुसार प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको समन्वयमा जिल्ला सदरमुकाममा ३०० – ५०० बेड तथा स्थानीय तहमा १००-२०० बेड सहीतको क्वारेन्टाइन निर्माण गर्ने । | जिल्ला प्रशासन कार्यालय र सम्बन्धित स्थानीय तह | भौतिक पूर्वाधार मन्त्रालय, जिल्ला स्वास्थ्य कार्यालय | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह | |
| ४. | विध्यमान Rapid Diagnosis Test लाई प्रत्येक समुदायस्तरमा जांच गर्ने कार्यलाई व्यवस्थित तथा बृद्धि गर्ने तथा PCR Test जांच कार्यलाई समेत प्रदेशमा थप गर्दै प्रभावकारी बनाउने । | जिल्ला स्वास्थ्य कार्यालय, स्थानीय तह | सामाजिक विकाश मन्त्रालय र जिल्ला प्रशासन कार्यालय | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह | |
| ५. | कोरोना भाइरस (COVID-19) रोगको बढी जोखिम हुन् सक्ने समुदाय तथा क्षेत्रलाई शिल गरी स्वाब परीक्षण गर्ने । शिल गरी स्वाब परीक्षण गर्दा क्रमशः पहिलो घरमुली, दोस्रो घरधुरी, तेस्रो खास टोल वस्ती, चौथो भेग, पाँचौं आसपासका पालिका र छैटौं जिल्ला भरी गर्ने गरी व्यवस्था मिलाउने । टेस्ट positive रिपोर्ट देखिएमा Isolate गर्ने र उपचार गर्ने । | सामाजिक विकास मन्त्रालय | जिल्ला प्रशासन कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय, र स्थानीय तह | नेपाल सरकार, प्रदेश सरकार | |
| ६. | शिल गरिएको इलाकामा अति आवश्यक सामानको व्यवस्था गर्ने । साथै Rapid Diagnosis Test र PCR Test मा negative रिपोर्ट देखिएमा केही दिन होम क्वारेन्टाइनमा बस्ने व्यवस्था मिलाउने । | पालिकास्तरिय संरचना(स्थानीय तह) | जिल्ला प्रशासन कार्यालय र उद्योग वाणिज्य संघ | स्थानीय तह | |
| ७. | आफ्नो पालिका भित्र बाहिरबाट आएका मानिसहरूको अभिलेख राख्ने तथा आएका मानिसहरूलाई अनिवार्य रूपमा एकान्तबास बस्न लगाउने । साथै आफ्नो पालिकाबाहिर रहेका मानिसको समेत को कहाँ छन् लगत राख्ने । साथै यसको दैनिकरूपमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहेको Disaster emergency operating centre मा रिपोर्टिंग गर्ने ।<br>सामाजिक दुरी, मास्क, Senitizer, पटक पटक हात धुने, | पालिकास्तरिय संरचना(स्थानीय तह) | स्वास्थ्य संस्थाहरू, स्थानीय प्रहरी चौकीहरू | प्रदेश सरकार र स्थानीय तह | |

प्रमुख सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

| | | | | | |
|---|---|---|---|---|---|
| | कसैलाई स्वास्थ्य समस्या आएमा स्वास्थ्य चौकी जाने र अन्य सुरक्षात्मक उपायहरु अवलम्बन गर्ने जस्ता जनचेतना अभिबृद्धि गर्ने कार्यक्रमहरु सन्चालन गर्ने । माथि उल्लेखित विधि लागु भए नभएको अनुगमन गर्न स्थानीय तहमा निम्नानुसारको एक टीम गठन गर्ने:<br>• वडाध्यक्ष/सदस्य - १ जना, संयोजक<br>• सुरक्षाकर्मी - २ जना, सदस्य<br>• स्वास्थ्यकर्मी -२ जना, सदस्य | | | | |
| ८. | क्वारेन्टाइनमा रहेका व्यक्तिहरुका लागि खानाको व्यवस्था गर्ने र क्वारेन्टाइनको प्रभावकारिताका सम्बन्धमा स्वास्थ्य कार्यालयसंग समन्वय गरी निरीक्षण तथा अनुगमन गर्ने । | पालिकास्तरिय संरचना(स्थानीय तह) | सामाजिक विकास मन्त्रालय र जिल्ला प्रशासन कार्यालय | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह | |
| ९. | आ आफ्नो क्षेत्रमा रहेका दैनिक ज्याला गरी खाने मजदुर, वेवारिसे, असहायहरुको तथ्याङ्क संकलन गरी राहत वितरण कार्यलाई विश्वसनीय, भरपर्दो र पारदर्शी रुपमा एकद्वार प्रणाली मार्फत मात्रै वितरण गर्ने । | पालिकास्तरिय संरचना(स्थानीय तह) | प्रदेश सरकार र जिल्ला प्रशासन कार्यालय | प्रदेश सरकार र स्थानीय तह | |
| १०. | प्रदेश आपतकालीन सन्चालन केन्द्र प्रभावकारीरुपमा सन्चालन गरी कोरोना भाइरस (COVID-19) रोग सम्बन्धी जनताबाट आएका समस्या एवं गुनासोहरूको जिल्ला प्रशासन कार्यालयहरु संग समन्वय र सहजीकरण गरी समाधान गर्ने । साथै जनताहरूको समस्या र गुनासोहरू प्राप्त गर्न प्रदेश आपतकालीन सन्चालन केन्द्रमा एउटा नि:शुल्क Hunting line समेत जडान गरी सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी मार्फत सर्वसाधारणलाई जानकारी गराउने । | आन्तरिक मामिला तथा कानून मन्त्रालय | जिल्ला प्रशासन कार्यालय | प्रदेश सरकार | |
| ११. | प्रत्येक जिल्ला प्रशासन कार्यालयहरुमा रहेका DEOC, RRT हरुलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्ने । | जिल्ला प्रशासन कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय र सामाजिक विकास | नेपाल सरकार र प्रदेश सरकार | |

प्रमुख सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मन्त्रालय | | |
| १२. | स्थानीय तहमा रहेका विपद व्यस्थापन समिति, Covid 19 Prevention Group लाई प्रभावकारीरूपमा सन्चालन गर्ने । | पालिकास्तरिय संरचना(स्थानीय तह) | जिल्ला स्वास्थ्य कार्यालय, स्थानीय प्रहरी / सुरक्षा निकायहरु | प्रदेश सरकार र स्थानीय तह | |
| १३. | कोरोना भाइरस (COVID-19) रोगसंग सम्बन्धित नीतिगत, आर्थिक लगायतका विषयमा कुनै द्विविधा उत्पन्न भएमा स्थानीय तह तथा अन्य सरोकारवाला निकायहरुले उक्त समस्या समन्वय तथा सहजीकरणको गर्ने । | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश | विषयगत मन्त्रालयहरू | प्रदेश सरकार | |
| १४. | कुनै व्यवसायी तथा व्यापारीहरुले दैनिक उपभोग्य सामाग्रीहरुको कृत्रिम अभाव सृजना गराई कालोबजारी गर्न सक्ने सम्भावनालाई मध्यनजर गरी बजार अनुगमन कार्य नियमितरुपमा गर्ने, गराउने । | उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, जिल्ला प्रशासन कार्यालय र स्थानीय तह | उद्योग वाणिज्य संघ | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह | |
| १५. | कोभिड १९ को त्रासका कारण हाल संचालनमा नआएका निजी अस्पताल, फार्मेसी, प्रयोगशाला लगायतका अत्यावश्यक स्वास्थ्य संस्थाहरुलाई नियमित सुचारु गराउने र नियमित निरिक्षण तथा अनुगमन कार्य गर्ने । | सामाजिक विकास मन्त्रालय | जिल्ला प्रशासन कार्यालय र स्थानीय तह | प्रदेश सरकार | |
| १६. | दैनिक उपभोग्य खाद्यान्न सामग्री, तरकारी, फलफूल, दुध, अन्डा, मासु इत्यादिको विक्री वितरण तथा संकलनको लागि निश्चित समय तथा स्थानमा सामाजिक दुरी कायम गरी व्यवस्थापन कार्य गर्ने । | सम्बन्धित स्थानीय तह तथा उद्योग वाणिज्य संघ | भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, स्थानीय प्रहरी / सुरक्षा निकायहरु | प्रदेश सरकार र स्थानीय तह | |
| १७. | कृषि सामग्री (विउ, मल, विषाधि, पशु पन्छी दाना औषधी) तथा बाली उत्पादन, भण्डारण र विक्री वितरणमा प्रयोग हुने जनशक्ति तथा साधनहरूलाई सहजरुपमा संचालन गर्न समन्वय एवं सहजीकरण गर्ने । | भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | स्थानीय तह | प्रदेश सरकार र स्थानीय तह | |

प्रमुख सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| १८. | लकडाउनको समयमा यात्रा गर्ने पैदल यात्रीहरुलाई समेत १४ दिनसम्म क्वारेन्टाइनमा बस्ने व्यवस्था सहीत RDT/PCR को जाँच गरी रिपोर्टको आधारमा गन्तब्य स्थलसम्म पठाउने व्यवस्था गर्ने । | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह | सामाजिक विकास मन्त्रालय र स्थानीय तह | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह | |
| १९. | भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, निर्देशनालय तथा ज्ञान केन्द्र र विज्ञ केन्द्रमा Call Centre स्थापना गरी बिहान ६ बजे देखी बेलुकी ६ बजेसम्म कर्मचारीको आलोपालो गरी कृषकहरुलाई आईपर्ने समस्या समाधानको लागि सहजीकरण गर्ने । | भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | स्थानीय तह र निर्देशनालय तथा ज्ञान केन्द्र | प्रदेश सरकार र स्थानीय तह | |
| २०. | सामाजिक दुरी, मास्क, Senitizer, पटक पटक हात धुने र अन्य सुरक्षात्मक उपायहरु अवलम्बन गर्ने जस्ता जनचेतना अभिबृद्धि गर्ने कार्यक्रमहरु सन्चालन गर्ने । | सामाजिक विकास मन्त्रालय | जिल्ला स्वास्थ्य कार्यालय, मिडिया र स्थानीय तह | | |
| २१. | विशेष सुरक्षा प्रवन्ध गरी संघ, प्रदेश र स्थानीय तहबाट सन्चालन हुने सार्वजनिक विकास निर्माणका कार्यहरूलाई निरन्तरता दिने । | सबै बिषयगत मन्त्रालय/निकाय | जिल्ला प्रशासन कार्यालय | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह | |

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

प्रमुख सचिव

**(ख) लकडाउन खुकुलो भएको अवस्थामा**: नेपाल सरकारले देशव्यापी लकडाउनलाई खुकुलो बनाउने घोषणा गरेको खण्डमा निम्न अनुसार गर्ने:

| सि. नं. | सिफारिस गरेको सुझाव | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | श्रोत साधन | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | यायाताय (आवागमन) | ➢ लामो दुरीका यातायातहरु सञ्चालन नगर्ने ।<br>➢ छोटो दुरीका यायायातहरु पनि कोरोना रोगको जोखिमलाई मध्यनजर गरी सामाजिक दुरी, मास्क, Senitizer तथा सुरक्षात्मक उपायहरु अपनाएर मात्र संचालन गर्ने ।<br>➢ स्थानीय सवारी साधनहरु (बस, माइक्रो, जीप, भ्यान) एउटा Row मा एक जना passanger मात्र राखी सामाजिक दुरी, मास्क तथा सुरक्षात्मक उपायहरु अपनाएर मात्र संचालन गर्ने ।<br>➢ साना सवारी साधनहरुमा ट्याक्सीको हकमा एक जना मात्र passanger बोक्ने गरी तथा तीनपाङ्ग्रेको हकमा एउटा Row मा एक जना passanger मात्र बोक्ने गरी सन्चालन गर्ने ।<br>➢ मोटरसाइकल र साइकलहरुमा चालक बाहेक अन्य व्यक्तिलाई नबोक्ने । | जिल्ला प्रशासन कार्यालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय, Traffic प्रहरी कार्यालय, यातायात व्यवसायी समिति र स्थानीय तहहरु | नेपाल सरकार, प्रदेश सरकार र निजी क्षेत्र | |
| २. | सामाजिक कार्यहरु | ➢ विवाह, ब्रतबन्ध जस्ता सामाजिक कार्यहरू सामाजिक दुरी, मास्क र अन्य सुरक्षा प्रबन्धकहरु अनिवार्य रुपमा मिलाई न्युनतम उपस्थितिमा सम्पन्न गर्ने । यी कार्यहरु गर्दा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट अनिवार्य रुपमा स्वीकृति लिनुपर्ने । | जिल्ला प्रशासन कार्यालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्थानीय तह र आम जनसमुदाय | नेपाल सरकार, प्रदेश सरकार र निजी क्षेत्र | |
| | | ➢ कोभिड १९ संक्रमण भई मृत्यु भए बाहेक सामान्य काल गति तथा दुर्घटना भई मृत्यु भएकाहरुको आ आफ्नो धर्म संस्कृति अनुसार सामाजिक दुरी, मास्क र अन्य सुरक्षा प्रबन्धकहरु अनिवार्य रुपमा मिलाई न्युनतम उपस्थितिमा दाहासंस्कार गर्ने व्यवस्था मिलाउने । | जिल्ला प्रशासन कार्यालय र स्थानीय तह | आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्थानीय तह र आम जनसमुदाय | नेपाल सरकार, प्रदेश सरकार र निजी क्षेत्र | |

प्रमुख सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ➢ मन्दिर, गुम्बा, मस्जिद, चर्च लगायतका धार्मिक स्थलहरूमा समूहमा प्रार्थना गर्ने जस्ता धार्मिक कार्यहरुलाई तत्कालका लागि रोक्ने र सम्पादन नगरी नहुने पुजापाठहरुमा सामाजिक दुरी, मास्क, Senitizer र अन्य सुरक्षात्मक उपायहरु अवलम्बन गरी न्यून व्यक्तिहरु उपस्थित रही गर्ने व्यवस्था मिलाउने । यी कार्यहरु गर्दा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट अनिवार्य रुपमा स्वीकृति लिनुपर्ने। | जिल्ला प्रशासन कार्यालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्थानीय तह, धार्मिक संस्थाहरु र आम जनसमुदाय | नेपाल सरकार, प्रदेश सरकार र निजी क्षेत्र | |
| | | ➢ सार्वजनिक स्थलहरुमा भेला, मेला, जात्रा, सभा, सम्मेलन लगायतका भिड भाड हुने कार्य हुन नदिने । | जिल्ला प्रशासन कार्यालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय, स्थानीय तह र आम जनसमुदाय | नेपाल सरकार, प्रदेश सरकार र निजी क्षेत्र | |
| | | ➢ एम्बुलेन्सहरु तथा अन्यवाहनहरूको विवरण संकलन गरी परिचालन गर्ने । | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह | जिल्ला स्वास्थ्य कार्यालयहरु तथा स्थानीय तह | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह | |
| | | ➢ आम नागरिहरुकले अनिवार्य रुपमा सामाजिक दुरी कायम गरी, मास्क र अन्य सुरक्षात्मक उपायहरु अवलम्बन गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह र आम जनसमुदाय | नेपाल सरकार, प्रदेश सरकार र निजी क्षेत्र | |
| | | ➢ कोरोना भाइरस (COVID-19) रोगको बढी जोखिम हुन् सक्ने समुदाय तथा क्षेत्रलाई शिल गरी स्वाब परीक्षण गर्ने । शिल गरी स्वाब परीक्षण गर्दा क्रमशः पहिलो घरमुली, दोस्रो घरधुरी, तेस्रो खास टोल वस्ती, चौथो भेग, पाँचौं आसपासका पालिका र छैटौं जिल्ला भरी गर्ने गरी व्यवस्था मिलाउने । टेस्ट positive रिपोर्ट देखिएमा Isolate गर्ने र उपचार गर्ने । | सामाजिक विकास मन्त्रालय | जिल्ला प्रशासन कार्यालय, तोकिएका अस्पताल/ स्वास्थ्य केन्द्र र स्थानीय तह | प्रदेश सरकार | |
| | | ➢ सामाजिक दुरी, मास्क, Senitizer, पटक पटक हात धुने र अन्य सुरक्षात्मक उपायहरु अवलम्बन गर्ने जस्ता जनचेतना | सामाजिक विकास मन्त्रालय | मिडिया र स्थानीय तह | प्रदेश सरकार र स्थानीय तह | |

प्रमुख सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | अभिबृद्धि गर्ने कार्यक्रमहरु सन्चालन गर्ने । | | | | |
| | | ➢ आफ्नो पालिका भित्र बाहिरबाट आएका मानिसहरूको अभिलेख राख्ने तथा आएका मानिसहरूलाई अनिवार्य रूपमा एकान्तबास बस्न लगाउने । साथै आफ्नो पालिकाबाहिर रहेका मानिसको समेत को कहाँ छन् लगत राख्ने । साथै यसको दैनिकरूपमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहेको Disaster emergency operating centre मा रिपोर्टिंग गर्ने ।<br>सामाजिक दुरी, मास्क, Senitizer, पटक पटक हात धुने, कसैलाई स्वास्थ्य समस्या आएमा स्वास्थ्य चौकी जाने र अन्य सुरक्षात्मक उपायहरु अवलम्बन गर्ने जस्ता जनचेतना अभिबृद्धि गर्ने कार्यक्रमहरु सन्चालन गर्ने । माथि उल्लेखित विधि लागु भए नभएको अनुगमन गर्न स्थानीय तहमा निम्नानुसारको एक टीम गठन गर्ने:<br>• वडाध्यक्ष/सदस्य - १ जना, संयोजक<br>• सुरक्षाकर्मी - २ जना, सदस्य<br>• स्वास्थ्यकर्मी -२ जना, सदस्य | पालिकास्तरिय संरचना (स्थानीय तह) | स्वास्थ्य संस्थाहरू, स्थानीय प्रहरी चौकीहरू | प्रदेश सरकार र स्थानीय तह | |
| ३. | व्यापार/व्यवसाय | ➢ सामाजिक दुरी, मास्क, Senitizer लगायत सुरक्षा प्रबन्ध गरेर मात्र औषधी पसलहरु सन्चालन गर्ने ।<br>➢ सामाजिक दुरी, मास्क, Senitizer लगायत सुरक्षा प्रबन्ध गरेर जिल्ला प्रशासन कार्यालयले तोकेको समयावधि र मापदण्डको आधारमा मात्र किराना पसलहरु, कृषि उत्पादन सम्बन्धि पसलहरु र अन्य व्यवसाय सन्चालन गर्ने । | जिल्ला प्रशासन कार्यालय | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, उद्योग वाणिज्य संघ र स्थानीय तह | नेपाल सरकार, प्रदेश सरकार र निजी क्षेत्र | |
| ४. | उद्योगधन्दा | ➢ सीमानाका वा आन्तरिकरूपबाट प्रवेश नगराउने व्यवस्थाको सुनिश्चितता गरी सामाजिक दुरी, मास्क, Senitizer तथा अन्य सुरक्षात्मक उपायहरु समेत अपनाएर मात्र Shift मा उद्योगधन्दाहरु संचालन गर्ने । | उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय र | सामाजिक विकास मन्त्रालय, उद्योग वाणिज्य संघ र स्थानीय तह | नेपाल सरकार, प्रदेश सरकार र निजी क्षेत्र | |

प्रमुख सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ➤ औषधी, मेडिकल तथा सर्जिकल औजार उपकरण उत्पादन, खाध्य उद्योग सम्बन्धी कम्पनी तथा उद्योगहरू सम्बन्धित जिल्ला प्रशासन कार्यालयको स्वीकृति लिई सामाजिक दुरी, मास्क, Senitizer तथा अन्य सुरक्षात्मक उपायहरु अपनाएर संचालन गर्न दिने । | जिल्ला प्रशासन कार्यालय | | | |
| ५. | कृषि | ➤ कृषकहरुले अनिवार्यरुपमा सामाजिक दुरी, मास्क लगायत सुरक्षा प्रबन्ध गरेर मात्र कृषि गतिविधिहरु सन्चालन गर्ने । | भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | स्थानीय तह, जिल्ला प्रशासन कार्यालय | प्रदेश सरकार र स्थानीय तह | |
| | | ➤ भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, निर्देशनालय तथा ज्ञान केन्द्र र विज्ञ केन्द्रमा Call Centre स्थापना गरी बिहान ६ बजे देखी बेलुकी ६ बजेसम्म कर्मचारीको आलोपालो गरी कृषकहरुलाई आईपर्ने समस्या समाधानको लागि सहजीकरण गर्ने । | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | स्थानीय तह | प्रदेश सरकार र स्थानीय तह | |
| ६. | सुशासन | ➤ सामाजिक दुरी, मास्क, Senitizer लगायतका अन्य सुरक्षा प्रबन्धहरू गरेर अत्यावश्यक सेवाहरु सन्चालन गर्ने । साथै सबै कार्यालयहरूमा कर्मचारीहरूलाई shift मा काम गर्ने व्यवस्था समेत मिलाउने । | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश र जिल्ला प्रशासन कार्यालय | विषयगत मन्त्रालयहरू र अन्य कार्यालयहरू | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह | |
| | | ➤ कार्यालयको भवन तथा परिसरको नियमितरूपमा सरसफाई गर्ने तथा कार्यालय प्रवेशद्वारमा अनिवार्यरूपमा Senitizer वा साबुन पानीले हात धुने व्यवस्था मिलाउने । | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश र जिल्ला प्रशासन कार्यालय | विषयगत मन्त्रालयहरू र अन्य कार्यालयहरू | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह | |
| | | ➤ शान्ति सुरक्षा कायम गरी अपराधिक गतिविधी हुन् नदिन आवश्यक सुरक्षा व्यवस्थाका लागि प्रभावकारीरूपमा | जिल्ला प्रशासन कार्यालयहरूले | आन्तरिक मामिला तथा कानून | नेपाल सरकार र प्रदेश सरकार | |

प्रमुख सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
धनगढी, कैलाली, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सुरक्षाकर्मीहरूको परिचालन गर्ने तथा CCTV surveillance लगायतका कार्य गर्न समन्वय र सहजीकरण गर्ने । | | मन्त्रालय | | |
| | | ➢ प्रदेश आपतकालीन सन्चालन केन्द्र प्रभावकारीरूपमा सन्चालन गरी कोरोना भाइरस (COVID-19) रोग सम्बन्धी जनताबाट आएका समस्या एवं गुनासोहरूको जिल्ला प्रशासन कार्यालयहरु संग समन्वय र सहजीकरण गरी समाधान गर्ने । साथै जनताहरूको समस्या र गुनासोहरू प्राप्त गर्न प्रदेश आपतकालीन सन्चालन केन्द्रमा एउटा नि:शुल्क Hunting line समेत जडान गरी सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी मार्फत सर्वसाधारणलाई जानकारी गराउने । | आन्तरिक मामिला तथा कानून मन्त्रालय | जिल्ला प्रशासन कार्यालय | प्रदेश सरकार | |
| ७. | सार्वजनिक विकास निर्माण कार्यहरू | ➢ विशेष सुरक्षा प्रवन्ध गरी संघ, प्रदेश र स्थानीय तहबाट सन्चालन हुने विकास निर्माणका कार्यलाई निरन्तरता दिने । | सबै बिषयगत मन्त्रालय/निकाय | जिल्ला प्रशासन कार्यालय | नेपाल सरकार र प्रदेश सरकार र स्थानीय तह | |
| ८. | सीमा/सीमानाका व्यवस्थापन | ➢ अन्तराष्ट्रिय सीमानाकाहरू अर्को व्यवस्था नहुन्जेलसम्म पूर्णरुपमा बन्द(Seal) गरी तत्कालका लागि सीमानाकामा आवतजावत रोक्ने । | जिल्ला प्रशासन कार्यालय र जिल्ला सुरक्षा समिति | आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाल सरकार र प्रदेश सरकार | |
| | | ➢ संघीय सरकारको विशेष निर्देशन वा निर्णयका आधारमा सीमानाकाहरुमा आवतजावत खुलेको खण्डमा वा भारतीय सीमाबाट नेपाली नागरिक क्वारेन्टाइनमा बस्ने अवधी पार गरिसकेकाको हकमा समेत प्रत्येक नागरिकको अभिलेख राखी परीक्षण गरेर मात्र क्वारेन्टाइनमा तोकिएको अवधिसम्म बस्नुपर्ने व्यवस्था गर्ने । | जिल्ला प्रशासन कार्यालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय, सामाजिक विकास मन्त्रालय र स्थानीय तह | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह | |
| | | ➢ जिल्लामा रहेका सरकारी/ सामुदायिक विद्यालय वा सरकारी भवनलाई क्वारेन्टाइनको रूपमा विकास गर्ने । | जिल्ला प्रशासन कार्यालय, स्थानीय तह | भौतिक पूर्वाधार मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह | |

प्रमुख सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | सामाजिक विकास मन्त्रालय र जिल्ला प्रशासन कार्यालय | | |
| | | ➢ सीमानाकाहरुमा सुरक्षाकर्मीको परिचालन तथा क्वारेन्टाइनको समन्वय तथा व्यवस्थापन गर्ने । यसकार्यमा सम्बन्धित स्थानीय तहहरूले सहयोग गर्ने । | जिल्ला प्रशासन कार्यालय | सामाजिक विकास मन्त्रालय र स्थानीय तह | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह | |
| | | ➢ सीमानाकामा स्वास्थ्यकर्मीहरुको परिचालन गरी व्यवस्थित रुपमा स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाउने । | सामाजिक विकास मन्त्रालय | जिल्ला प्रशासन कार्यालय र स्थानीय तह | प्रदेश सरकार | |

पुनश्चः उपर्युक्त कार्ययोजनामा उल्लेखित विषयमा कुनै द्विविधा हुनगएमा नेपाल सरकार र प्रदेश सरकारले गरेको निर्णयानुसार हुनेछ ।

प्रमुख सचिव